## हाम्रो सेवाहरू

- साथीहरूसंग डाईनिंग हलमा वा आफ्नै कोठामा भोजन गर्ने सुविधा
- डाक्टर द्वारा नियमित स्वास्थ्य परिक्षण
- एकल परामर्श सत्र
- निर्धारित समयमा औषधी खुवाउने व्यवस्था
- ब्लड प्रेसर, सुगरको दैनिक निगरानी
- नियमित फिजियोथेरापी सत्र
- लुगा धुने र सरसफाईको व्यवस्था
- दैनिक कोठाको सरसफाई
- २४सै घण्टा डयुटीमा नर्सहरू
- २४सै घण्टा डयुटीमा केयरगिभरहरू
- आफ्नै मेडीकल टीम
- योगा सहित योजनाबद्ध शारीरिक एवं संज्ञानात्मक गतिबिधिहरू




समुचित हेरचाह, सुरक्षित बासस्थान अनि घर जस्तै वातावरणमा
बा-आमाहरुका स्तरियजीवन यापनको लागी प्रतिबद्ध

## हामी तपाईंलाई आफ्नै जस्तो व्यवहार गर्छौं

एउटा पुरानो भनाइ छ - पुरानो भनेको सुन हो र तपाईंको जीवनका सुनौला वर्षहरू कदर गर्नपर्ने र आकांक्षापूर्ण वर्षहरूको रूपमा बिताउनुपर्ने कुरा हुन् । जीवनको यस मोडमा मानिसहरू आफ्नो अतितलाई पछाडि फर्केर हेर्न मन पराउँछन् अनि साथीहरूसँग वा एक्लै आफूले गर्न चाहेको तर नसकेको काम गर्न र दैनिक व्यवस्थापनको बोझबाट मुक्त हुन चाहन्छन् ।

सिद्धि शालिग्राम जेष्ठ नागरिक आश्रममा आउनुहोस् अनि एक्लोपन र नैरास्यताबाट छुटकारा पाउनुहोस् ।



## सिद्धि शालिग्राम जेष्ठ नागरिक आश्रम
## SIDDHI SHALIGRAM SENIOR CITIZEN'S HOME

Bhimsenthan-7, Bhaktapur, Nepal
**Telephone: +977-1-6616589**
adminofficer@smf.org.np  www.smf.org.np

DAO Registration: 529 I PAN No. 301376486 I SWC Affilication 15252

सिद्धि स्मृति प्रतिष्ठान
SIDDHI MEMORIAL FOUNDATION

# सिद्धि शालिग्राम जेष्ठ नागरिक आश्रम
# SIDDHI SHALIGRAM SENIOR CITIZEN'S HOME

आराम र हेरचाह को लागी
तपाईंको नयाँ घर



www.smf.org.np

# तपाई एक्लै हुनुहुन्न

सिद्धि शालिग्राम जेष्ठ नागरिक आश्रमले वृद्धवृद्धाको लागी धेरै सुविधाहरू प्रदान गर्दछ। जसमध्य पोषक खाना, आरामदायी बासस्थान र चिकित्सकिय हेरचाह प्रमुख रूपमा रहेको छ।

सुत्न र बस्नको लागी सुविधायुक्त आरामदायी र फराकिलो कोठाहरू छन्। प्रत्येक कोठाहरू वृद्धवृद्धाको लागी आवश्यक पर्ने सामनहरूले सुसज्जित छन् - मुलायम ओछ्यान, निजि सामनहरू राख्न दराज अनि आरामदायी कुर्सी टेबल साथै झ्याल बाट पर्याप्त मात्रामा घामको उज्यालो र हावा लिन अनि बाहिर आकाशको दृश्य हेर्न मिल्छ। लाउन्जमा आराम गर्न अनि साथीहरू संग बसेर ठूलो पर्दामा टि.भी. को मनोरजंन लिन सकिन्छ।

वृद्धवृद्धाको लागी आफ्नै भान्साकोठामा पौष्टिक खाना तयार गरिन्छ। खाना खाजा फराकिलो डाइनिङ्ग हलमा साथीहरू संग बसेर खान मिल्छ, भने आफ्नै कोठामा खान रूचाउनेको लागी कोठामा लगीदिने व्यवस्था पनि छ। हाम्रा नर्स तथा केयरगिभरहरू २४सै घण्टा वृद्धवृद्धाको हेरचाह र सेवामा तैनाथ रहन्छन्।

बिभिन्न गतिबिधिहरू को लागी र जाडोमा घाम ताप्दै साथीहरू संग चिया कफी पिउदै आराम गर्न, गफिन अनि आफ्ना आफन्त, परिवार र



प्रियजनहरू संग भेटघाट गर्न लाउन्जमा पर्याप्त ठाँउ छ। सिद्दी आश्रम भनेको तपाईंको संपूर्ण गोपनियता र सम्मानको कदर गर्दै बस्ने घर हो।

आश्रममा बसाईको लागी सिंगल रूम, डबलरूम र सेरिगंरूमको व्यवस्था छ। तपाईंको आवश्यकता अनुसार सबैखाले सेवा सुविधा हाम्रो अनुभवी टोली द्वारा उपलब्ध हुनेछ।

डे केयरको सुविधा पनि उपलब्ध छ।

प्रत्येक सुविधाहरू वृद्धवृद्धाहरूलाई राम्रोसंग बुझेका अनुभवी टोली द्वारा संचालित छन् भने निरन्तर प्रशिक्षण पनि दिइन्छ साथै सेवा गुणस्तरको मुल्यांकन सिद्धि प्रतिष्ठान द्वारा गरिन्छ।

बसाईको सबै भन्दा छोटो अवधी एक महिना र एघार महिना माथी दिर्घकालिन हुनेछ।



## 'आश्रम के को लागी

हाम्रो हेरचाह गर्नेहरूको हेरचाह गर्नु नै सबै भन्दा ठूलो सम्मान हो।

वृद्धवृद्धाहरूलाई आफ्नो अतित भुलाउने राम्रो स्याहार, माया, न्यानोपन अनि साथ र सहयोग चाहिन्छ भन्ने हामी राम्रो संग बुझ्दछौं।

जिम्मेवारीको साथ जसले जीवनभर आफ्ना सन्तान, आफन्त र प्रियजनहरूको हेरचाह गर्यो, समयको गति संगै अब पालो उनीहरूलाई हेर्ने आयो। उनीहरूको इचछा अनुसार उचित हेरचाह जरूरी हुन्छ।

हाम्रो टोलीका प्रत्येक सदस्यहरू वृद्धवृद्धाहरूको सेवामा एकदमै अनुभवी र प्रशिक्षित जोशिला युवाहरू छन्। स्मरण रहोस सिद्धि शालिग्राम जेष्ठ नागरिक आश्रममा तपाई एक्लो हुनुहुन्न।

## हेरचाह का प्रकारहरू

सबै किसिमका हेरचाह आफैमा खास छन्। जसलाई निम्न रूपमा बर्गीकरण गरिएको छ:

- दैनिक जीवनयापनको लागी आंशिक सहयोगमा स्वतन्त्र हेरचाह
- फरक क्षमता/विशेष आवश्यकता भएका वृद्धवृद्धाहरूको हेरचाह
- डिमेन्सिया केयर
- डे केयर

प्रत्येक बा आमाहरूको लागी चाहिने हेरचाहको योजना उहाँहरूको परिवार संग बसेर आश्रममा बस्नु अघि छलफल द्वारा तय गरिन्छ। हामी बुझ्दछौ सबै वृद्धवृद्धाहरू विशेष हुनुहुन्छ र उहाँहरूको आवश्यकता पनि विशेष हुन्छ।

